# बेपत्ता पारिएका व्यक्तिको छानविनआयोग
## भद्रकाली प्लाजा, काठमाडौं
### उजुरी आह्वान सम्बन्धी सूचना
**प्रकाशन मितिः २०८२/०२/०६**

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३ को उपदफा (६ख) मा आयोगले यस अघि उजुरी माग गरेको अवधिभित्र काबु बाहिरको परिस्थिति परी उजुरी दिन नपाएको पीडितले त्यस्तो उजुरी दिन नसकेको आधार र कारण खोली आयोगको अध्यक्ष तथा सदस्यको नियुक्ति भएको मितिले तीन महिनाभित्र आयोग समक्ष उजुरी दिन सक्नेछ तथा त्यसरी दिएको उजुरीमा उल्लिखित आधार र कारण मनासिव देखिएमा आयोगले छानविन गर्नेछ भन्ने व्यवस्था भएको छ।

नेपाल सरकारबाट यस आयोगका अध्यक्ष तथा सदस्यको नियुक्ति भएको मिति २०८२।०१।३१ र निजहरुले सपथ गरी पद बहाली गरेको मिति २०८२।०२।०५ बाट तीन महिनाभित्र अर्थात मिति २०८२।०५।०४ सम्ममा सशस्त्र द्वन्द्वको क्रममा द्वन्द्वरत पक्षले गरेको व्यक्ति बेपत्ता पार्ने कार्यको घटनाका सम्बन्धमा यस अघि आयोगले उजुरी माग गरेको अवधिमा काबु बाहिरको परिस्थिति परी उजुरी दिन नसकेको स्पष्ट आधार र कारण सहित उजुरी दिन सकिनेछ। आयोगमा दिने उजुरीको ढाँचा यस आयोगको वेवसाइट www.ciedp.gov.np मा राखिएको छ।

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग, भद्रकाली प्लाजा, काठमाडौंमा वा आयोगको इमेल ciedpnepal@gmail.com मार्फत उजुरी दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। उक्त म्याद नाघी प्राप्त भएका उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

- **नोटः उजुरी आह्वान सम्वन्धी थप जानकारीका लागि आयोगको इमेल ciedpnepal@gmail.com तथा टेलिफोन नम्बर ०१-५९०३७९५, ०१-५३५०६९६ र टोल फ्री फोन नं.: १६६०-०१-२२१११ मा सम्पर्क गर्न सकिने छ।**

Scanned with CamScanner